सं.द.नं: २४/०३० प.फा.नं. १५९

पा.नं. ३०१३२८५३५
स.क.आ.नं. १५३८१

# नेपाल पर्वतारोहण संघ
# NEPAL MOUNTAINEERING ASSOCIATION

च. नं. ६७८/०७८/७९

मिति : २०७८ चैत ०४ गते

बिषय : संघको विधानको छैठौं संशोधन सम्बन्धमा ।

संघको सम्पूर्ण आदरणीय साधारण सदस्यज्यूहरु,
नेपाल पर्वतारोहण संघको आगमी केन्द्रिय कार्यसमितिको मिति २०७९ साल असार महिनाभित्रमा निर्वाचन गर्ने प्रयोजनार्थ संघको विधान, २०४७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघको मिति २०७८ चैत ०९ गते तद्नुसार २३ मार्च, २०२२ बुधबारका दिन एलिस रिसेप्सन्स, गैरीधारा, काठमाण्डौमा हुन गइरहेको ३१ औं केन्द्रिय बार्षिक साधारण सभामा पारित गर्नका लागि देहाय बमोजिमका दफा तथा उपदफाहरुमा विधान संशोधनका लागि पेश भई आएकोले यहाँहरुको महत्वपूर्ण सुझावहरु प्राप्त हुने अपेक्षाका साथ सबैमा जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस विधानको नाम "नेपाल पर्वतारोहण संघ (छैठौं संशोधन) विधान, २०७८" रहेको छ ।

(२) यो विधान जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**<u>नेपाल पर्वतारोहण संघको विधान, २०४७ को छैठौं संशोधनको प्रस्तावित तीन महले विवरण</u>**

| क्र.सं | विद्यमान व्यवस्था | संशोधन गर्न प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १. | **परिच्छेद-३**<br>**दफा ८**<br>२. आठहजार मिटर वा सो भन्दा वढी उचाईको विश्वभरी रहेका कुनैपनि हिमाल चढेका वा नेपाल सरकार वा पर्वतारोहण संघ अन्तर्गत स्वीकृत लिएर कुनैपनि ३ (तीन) हिमचुलीहरु आरोहण गरेको अभिलेख भएका वा अन्तर्राष्ट्रिय स्तरको पर्वतारोही गाईडको रुपमा मान्यता प्राप्त गरेको नेपाली नागरिकले नियमानुसार आवेदन गरेमा कार्य समितिको निर्णय वमोजिम सदस्यता प्राप्त गर्ने छन् । | १. **<u>नेपाल पर्वतारोहण संघको विधान, २०४७ को दफा ८ मा संशोधन</u>** :<br>नेपाल पर्वतारोहण संघको विधान, २०४७ (यसपछि "मूल विधान" भनिएको)" को दफा ८ को खण्ड (क) को उपखण्ड २. मा रहेका "अभिलेख भएका" भन्ने शव्दहरुपछि "आरोही वा राष्ट्रिय" भन्ने शव्दहरु थपिएका छन् । | आरोही र राष्ट्रिय मान्यता प्राप्त माउण्टेन गाइड समेतलाई समावेश गर्नुपर्ने भएकोले । |
| २. | **परिच्छेद-३**<br>**दफा ९** | २. **<u>मूल विधानको दफा ९ मा संशोधन</u>:** | यो व्यवस्था कारण सदस्यता सम्बन्धी |

P.O. Box: 1435, Nagpokhari, Naxal, Kathmandu, Nepal, Tel.: +977-1-4434525, 4435442
E: cao@nepalmountaineering.org, info@nepalmountaineering.org, office@nepalmountaineering.org, W: www.nepalmountaineering.org

# नेपाल पर्वतारोहण संघ
# NEPAL MOUNTAINEERING ASSOCIATION

| | | | |
|---|---|---|---|
| | १. पर्वतीय पर्यटन क्षेत्रमा निरन्तर कम्तीमा पाँच वर्ष क्रियाशील भएको । | मूल विधानको दफा ९ को उपदफा १. झिकिएको छ । | अन्य योग्यता तथा आधारलाई निस्तेज बनाउने भएकोले । |
| ३. | **परिच्छेद-३**<br>**दफा १०**<br>७. यस संघका बहालवाल कर्मचारीहरु संघको साधारण सदस्य कायम रहेको अवस्थामा बहालवाला कर्मचारीहरुको जिम्मेवारी बहन गरेको मितिसम्म संघको चुनावी गतिविधिहरुमा भागलिन पाइने छैन । | ३.**<u>मूल विधानको दफा १० मा संशोधन :</u>** मूल विधानको दफा १० को उपदफा ७. को सट्टा देहायको उपदफा ७ राखिएको छ :-<br>(७) संघको बहालवाला कर्मचारीले संघको सदस्यता लिन पाउने छैन ।<br>तर यसअघि सदस्यता प्राप्त गरिसकेका कर्मचारीले आफू संघमा बहाल रहँदाको अवधिभर संघको कार्य समितिको निर्वाचनमा उम्मेद्वार बन्न वा मतदान गर्न पाउने छैन । | संघको बहालवाला कर्मचारीले सदस्यता लिन पाउने व्यवस्था गर्दा स्वार्थ बाझिने भएकोले । |
| ४. | **परिच्छेद-३**<br>**दफा ११**<br>७. कुनै सदस्यले संघलाई तिर्नुपर्ने वार्षिक सदस्यता शुल्क आर्थिक वर्ष शुरु भएको ६ महिना भित्र (चालु आ. व. को पौष मसान्त भित्र) तोकिएको शुल्क वुझाइ सदस्यता नविकरण गर्नुपर्नेछ, तर तोकिएको समय भित्र नविकरण नभएको हकमा कार्यसमितिले तोकेको जरिबाना सहित सदस्यता नविकरण गर्न सकिनेछ । तर संघको कार्यसमितिको निर्वाचन हुने साधारण सभामा सहभागी हुन निर्वाचनको मिति भन्दा ६ महिना पूर्व नविकरण भइसकेको हुनु पर्नेछ । | ४.**<u>मूल विधानको दफा ११ को खण्ड क. मा संशोधन :</u>** मूल विधानको दफा ११ को खण्ड क. को,-<br>(क) उपखण्ड ७ को सट्टा देहायको उपखण्ड ७ राखिएको छ :-<br>"७. कुनै सदस्यले संघलाई तिर्नुपर्ने वार्षिक सदस्यता श:ुल्क आर्थिक वर्ष शुरु भएको ६ महिना भित्र (चालु आ. व. को पौष मसान्त भित्र) बुझाई सदस्यता नवीकरण गर्नु पर्नेछ । यसरी तोकिएको समयभित्र नवीकरण नभएकाको हकमा केन्द्रिय कार्य समितिले तोकेको जरिबाना सहित सदस्यता नवीकरण गर्न सक्नेछ ।<br>तर संघको केन्द्रिय कार्य समितिको निर्वाचनमा उम्मेद्वार हुन निर्वाचनको मिति भन्दा एक महिना पूर्व नवीकरण भइसकेको हुनु पर्नेछ ।"<br>(ख) उपखण्ड ७ पछि देहायको उपखण्ड ७क. थप गरिएको छ :-<br>"७क. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष | सदस्यता नवीकरण गर्ने व्यवस्था सहज एवं सरल बनाउनुपर्ने भएकोले । |

# नेपाल पर्वतारोहण संघ
# NEPAL MOUNTAINEERING ASSOCIATION

| | | | |
|---|---|---|---|
| | | परिस्थितिमा केन्द्रिय कार्य समितिले संघको बार्षिक साधारण सभा गर्ने मिति सार्न सक्नेछ । यसरी विशेष परिस्थितिका कारण मिति सार्नु परेको अवस्थामा केन्द्रिय कार्य समितिले संघको सदस्यता नवीकरण गर्दा लाग्ने जरिवाना छुट दिई उपखण्ड ७ को प्रतिबन्धात्मक वाक्यांशले लगाएको प्रतिबन्ध नलाग्ने गरी केन्द्रिय कार्य समितिको निर्वाचनमा उम्मेद्वार हुन पाउने व्यवस्था गर्न सक्नेछ ।"<br>**स्पष्टीकरणः** यस विधानको प्रयोजनका लागि "विशेष परिस्थिति" भन्नाले दैवी विपत्ति, प्राकृतिक प्रकोप, गृह युद्ध, चरम आर्थिक संकट, कोभिड जस्ता महामारी लगायतका प्रचलित नेपाल कानूनले तोकेको काबु बाहिरको परिस्थिति सम्झनु पर्छ । | विशेष परिस्थितिमा संस्थाको साधारण सभा तोकिएको समयमा गर्न नसकिने हुँदा यस्तो परिस्थितिबाट मुक्त हुन हालको प्रावधानमा संशोधन गर्नुपर्ने भएकोले । |
| ५. | **परिच्छेद-४**<br>**दफा १६. संघको केन्द्रिय कार्य समितिको गठन :**<br>.........................................<br>२. (क) यस संघको स्थापनाकाल देखि कुनै पनि कार्यकालमा अध्यक्ष तथा पदाधिकारी रहेको व्यक्ति सोही पदमा निर्वाचित हुन सक्ने छैन ।<br>(ख) यस संशोधनबाट लागुहुने गरी कार्यसमितिमा सदस्य वा पदाधिकारीको रुपमा निर्वाचित भई निरन्तर दुई कार्यकालको अवधि पुरा गरेको व्यक्तिले लगातार तेस्रो पटक निर्वाचनमा उमेदवार बन्न सक्ने छैन । | **५.मूल विधानको दफा १६ मा संशोधन :**<br>मूल विधानको दफा १६ को उपदफा २ को,-<br>(१) मूल विधानको दफा १६ को दफा १ को खण्ड क. मा रहेको "आरोही" भन्ने शब्दपछि "वा राष्ट्रिय" भन्ने शब्दहरु थपिएका छन् ।<br>(२) खण्ड (क) मा रहेका "अध्यक्ष तथा पदाधिकारी" भन्ने शब्दहरुको सट्टा "अध्यक्ष वा पदाधिकारी" भन्ने शब्दहरु राखिएका छन् ।<br>(३) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-<br>"(ख) कार्य समितिको सदस्य निर्वाचित भई दुई कार्यकालको अवधि पूरा गरेको व्यक्तिले सोही पदको निर्वाचनमा उमेद्वार बन्न पाउने छैन ।" | राष्ट्रिय मान्यता प्राप्त माउण्टेन गाइड समेतलाई समावेश गर्नुपर्ने भएकोले ।<br><br>यस उपदफा अन्तर्गत रहेका प्रावधानहरुमा देखिएका द्विविधा हटाउनु पर्ने भएकोले । |

# नेपाल पर्वतारोहण संघ
# NEPAL MOUNTAINEERING ASSOCIATION

| | | | |
|---|---|---|---|
| ६. | परिच्छेद-५<br>दफा २७<br>निलम्बन :<br>संघको तर्फबाट कुनै पदाधिकारी वा सदस्य उपर संघको हानी नोक्सानी गरेको सम्बन्धमा अदालतमा मुद्दा चलाइएको अवस्थामा सो मुद्दाको फैसला नभएसम्म स्वतः निलम्बन हुनेछन् । | ६.मूल विधानको दफा २७ मा संशोधन : संघको कुनै सदस्यले संघलाई हानी नोक्सानी हुने कुनै कार्य गरेउपर संघको तर्फबाट अदालतमा मुद्दा चलाईएको अवस्थामा सो मुद्दाको फैसला नभएसम्म त्यस्तो सदस्य स्वतः निलम्बन हुनेछ ।<br>तर अदालतबाट संघलाई हानी नोक्सानी हुने कार्य गरेको भन्ने प्रमाणित भएको अवस्थामा त्यस्तो सदस्यको सदस्यता स्वतः समाप्त हुनेछ । | निलम्बन सम्बन्धी विद्यमान व्यवस्थालाई स्पष्ट गरी व्यवहारिकरुपमा कार्यान्वयन योग्य बनाउनुपर्ने भएकोले । |
| ७. | | रुपान्तरण :<br>७.मूल विधानको ठाउँ ठाउँमा रहेका "धारा" भन्ने शव्दको सट्टा "दफा" र "उपधारा" भन्ने शव्दको सट्टा "उपदफा" भन्ने शव्दहरु राखिएका छन् । | विद्यमान विधानमा कतै धारा र कतै दफा उल्लेख भएको हुँदा एकरुपता ल्याउनुपर्ने भएकोले । |

नेपाल पर्वतारोहण संघ NMA २०३० काठमाडौं नेपाल

..........................
(कुलबहादुर गुरुङ)
महासचिव

P.O. Box: 1435, Nagpokhari, Naxal, Kathmandu, Nepal, Tel.: +977-1-4434525, 4435442
E: cao@nepalmountaineering.org, info@nepalmountaineering.org, office@nepalmountaineering.org, W: www.nepalmountaineering.org